

डिस्याण्डर बेशिन

# तल्लो खारे खोला जलविद्युत खबर

ज्येष्ठ २०७४, अंक ७

## आयोजनाको हालको निर्माण अवस्था

एटलस हाईड्रो कन्सोरटियमले हेडवर्कसको डिस्याण्डर बेशिनमा ५०३ घनमिटर स्टोन मेसनरी वाल लगाइसकेको छ । साथै, उक्त ठेकेदार कम्पनीले सिभिल हेडवर्कसको निर्माण कार्यको लागि आवश्यक निर्माण सामग्रीहरु जस्तै,रोडरोलर, मिक्सर मेसिन र कम्प्युटर साइटमा लगेर काम गरिरहेको छ । साथसाथै, हेडवर्कस देखि पावरहाउस सम्म ३४८० मिटर लम्बाईको पेनस्टक पाइप बिछ्याउनको लागि माटो ढुङ्गा काट्ने कार्य सम्पन्न भएको छ ।

यस्तै, पेनस्टक पाइप निर्माणको लागि आवश्यक स्टील पाता भारतको स्टीलकम्पनी जिन्डल स्टील एण्ड पावर लिमिटेडको फ्याक्ट्रीबाट रेलमार्ग हुँदै नेपालको सिर्सिया पर्सा स्थित सुक्खा बन्दरगाहबाट सम्पूर्ण स्टील पाता आयोजना स्थलमा ढुवानी भइसकेको छ । उक्त सम्झौता बमोजिम नर्थ हाडड्रो एण्ड इन्जिनियरिङ्ग प्रा.लि. द्वारा आयोजना स्थलमा क्याम्प हाउस निर्माण कार्य सम्पन्न भई निर्माण कार्य अगाडि बढाउन आयोजना स्थलमा वर्कसप स्थापना गर्ने कार्य भइरहेको छ ।



स्टीलपाता काट्ने कार्य हुदैं




हेडवर्कस क्षेत्र



भण्डारन गरिएको स्टीलपाता

उक्त स्टील पाताहरुलाई पाइप बनाउनको लागि काट्ने कार्य भइरहेको छ यस्तै, स्टील पातालाई रोल गरेर पाइप बनाउनको लागि रोलिङ्ग मेसिनलाई ठेकेदार कम्पनीले साइटमा पुऱ्याउने कार्य भइरहेको छ । यूनिभर्सल पावर कम्पनी लिमिटेड र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बीच भएको सम्झौता बमोजिम यस आयोजनाले वन क्षेत्र जग्गा भोगचलन गरे बापत ६० रोपनी जग्गा खरिद गरी जिल्ला वन कार्यलय दोलखालाई हस्तान्तरण गरिसकिएको छ । साथै, उक्त सम्झौतामा भने बमोजिम २३८ वटा रुख काट्ने कार्य सकिएको छ । हाईड्रोमेकानिकल ( Headwork) तर्फबाट ठेकेदार कम्पनी क्रिम हाइडेल प्रा. लि. ले गेट तथा स्टपलगको फ्रेमहरु बनाउने कार्य आंशिक रुपमा सम्पन्न गरिसकेको छ ।



पेनस्टक पाइप बिच्छ्याउने स्थल

यूनिभर्सल पावर कम्पनी लिमिटेडको वार्षिक साधारणसभा २०७४ आषाढ २५, गते दिनको २ बजे नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेलमा हुने निर्णय भएको छ ।


डिस्याण्डर बेशिनमा वाल लगाँइदैं


निर्माणाधिन पावरहाउस बन्ने स्थल

**सम्पादकः पार्वती पराजुली**

**युनिभर्सल पावर कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन नः ९७७-१-४१०१०९७, ४२५१४६३,**

**ईमेल : info@universalpowercompany.com.np**

**वेबसाइट : www.universalpowercompany.com.np**